# इन फोकस

## मासिक न्यूजलेटर

अंक ३ | अक्टुबर २०२१



## यो अंकमा

- अतिथि स्तम्भ
- प्रिफ्याब बुझाई
- डिलर प्रोजेक्ट
- नेपालको संस्कृति
- एसवाई ग्रुप गतिविधि

# अतिथि स्तम्भ



**हरि कुमार श्रेष्ठ**
वडा अध्यक्ष
र.न.पा.-१४, चितवन

*नेपाली हरुलाई रोजगारको अबसर दिई आर्थिक रुपले सबल र सक्षम बनाउने उदेश्यका साथ भित्रिएको उधोग मध्य एस वाई प्यानल नेपाल देशको प्रमुख उधोग को रुपमा संचालित रहेको छ*

चितवन जिल्ला रत्ननगर नगरपालिका वडा नं १४ स्थित संचालनमा रहेको एस वाई प्यानल नेपाल उघोगको कारण यसक्षेत्र ले अलग पहिचान दिन सफल भएको छ ।


नेपाल र द. कोरिया बिचको अन्तरदेशीय सम्बन्ध अझै सुमधुर र प्रगाढ हुन पुगेको छ नेपाल सरकारको वैदेशिक नीति अनुरूप वैदेशिक उधोगहरू भित्राइ अधिकतम नेपाली हरूलाई रोजगारको अबसर दिई आर्थिक रूपले सबल र सक्षम बनाउने उदेश्यका साथ भित्रिएको उधोग मध्य एस वाई प्यानल नेपाल देशको प्रमुख उधोग को रूपमा संचालित रहेको छ, यस उधोगले वातावरण प्रभावमा प्रतिकुल नहुने गरि आधुनिक प्रबिधि बाट उधोग संचालन गरेको कारण स्थानीय बासिन्दा हरू खुशी रहेका छन ।

यस उधोग संचालनको कारण यस क्षेत्रका बासिन्दा हरूलाइ रोजगारको अबसर मिलेको छ भने स्थानिय बजार पनि क्रमिक रूपले बढ्दै गएको छ सामाजिक उत्तरदायीत्व बहनलाइ मनन गर्दै सामाजिक क्षेत्रमा समेत खुलेर सहयोग पुर्याउदै आएको छ एस वाई प्यानल नेपालले उत्पादन गरेको सामान प्रयोग गरि चितवन जिल्ला रत्ननगर नगरपालिका वडा नं १४ को वडा कार्यालयको दुइतल्ले भवन निर्माण सम्पन्न गरि वडा बासीहरूलाइ सेवा सुचारू गरि सकेका छौ ।

यस उधोग बाट उत्पादित सामाग्रीले भबन निर्माण गर्दा छिट्टो भबन निर्माण हुने कम लागतमा भवन सम्पन्न हुने र सुरक्षित आवासको प्रत्याभूत, बाहिरी तापक्रमको नियन्त्रण भएको अनुभूति भएकोले एस वाई प्यानल नेपाल बाट उत्पादिक सामान प्रयोग गरि भबन निर्माण गर्दा अधिकतम फाइदा पुगेको अनुभूति गरेका छौ ।


# प्रिफ्याब बुझाइ

## नयाँ आर्किटेक्च, ज्ञान र निर्माण गर्ने नयाँ तरिका (भाग-२)
## प्रिफ्याबको रिसाइक्लिङ पुन प्रयोग





### गतिसिल

- निर्माणस्थल कारखाना सँग सङगै भएकोले निर्माण को समय बचाउन सकिछ ।
- डिजाईन गर्ने, मुख्य सामान उपादन गर्ने, साईटमा जग्गा मिलाउने, फलाम हाल्ने एउटै समयमा गर्न सकिछ ।
- निर्माण स्थलमा मौसम खराब छदा कारखाना मा निर्माण सामाग्री बनाएर पठाउन मिल्छ ।
- सबै आवश्यक सामान हरू कारखानाबाट तयार भएर आउने हुनाले निर्माण समय कम हुन्छ ।
- निर्माण गर्ने समय कम भएर छिमेकिहरूलाई कम असर हुन्छ ।
- निर्माण गर्ने काम को सामाग्री हरू अधिकतम ८०% कारखानमा नै उत्पादन भएर आउँछ ।





### विवेकसिल

- इ-स्टान्डर्ड्, पहिले बनेको घर, धेरै उत्पादन गर्न सक्ने स्मार्ट सिस्टम भएकोले उत्पादन गरेको सामानहरू खेर जाने सम्भावना न्युन हुन्छ ।
- एकै समयमा धेरै निर्मण सामग्री उत्पादन गर्न सकिने भएकोले उत्पादन खर्छ घटाउन सकिन्छ ।
- निर्माण गर्दा बाँकी भएको सामान लाई प्रयोगमा ल्याइ लागत घटाउन मिल्छ ।
- निर्माणस्थलमा निर्माण गर्ने समय घटेकोले ज्याला खर्छ ५-१०% कम हुने सम्भावना हुन्छ ।
- फिनिसिङ्ग र फिट्टिङ गर्दा डिजाईन परिवर्तन गर्ने खर्च को १०% घटाउन सकिन्छ ।




### वातावरणमैत्री

- घर एक ठाँउबाट सारेर फेरी बनाउनको लागी चाहिने सामान पुरानो प्यानलको अवधी सकेकोले पर्यावरणमैत्री निर्माण गर्न सकिन्छ ।
- घर को अवधी पछी फलामको समं रचना सहित सबै सामान ९०% पुन प्रयोग गर्न मिल्छ ।
- काठ, सिमेन्ट्को तुलनामा पुन प्रयोग गर्न सकिने सम्भावना भएकोले एकसय बर्ष भन्दा अझै वडी टिकाउ हुने सामान प्रयोग गरिएकोले लामो समय रहन्छ ।
- यो प्रबिधिमा बिभिन्न नमुना प्रयोग गर्न सकिने, एक्स्टेन्सन, रि-मोडलिङ गर्न सजिलो भएकोले ग्राहकको चाहना अनुसार लागु गर्न सजिलो हुन्छ ।



## प्रिफ्याब घरको सुरूवात

### युरोप

युरोपमा विशषगरी इङ्ल्यान्ड र जर्मनमा ठूलो सङ्ख्यामा प्रिफ्याब घर, भवन, अस्पताल, प्रिफ्याब द्वारा निर्माण हुँदै छ । प्रिफ्याब घर चाँही मौसमको अस र त्यती हुँदैन त्यही भएर मौसम तुरून्तै परिवर्तन हुने यो दुइ देश मा चलिरहेको छ । विशषगरी प्रिफ्याब घरको सुरूवात भएको इङ्ल्यान्ड चाँही बिश्वयुद्द चले पछी पूर्ण रूपमा स्थापना गर्नको लागी प्रिफ्याब प्रबिधी लाई प्रयोगमा ल्याइ एको हो । सन १९९० बर्ष पछाडी ईन्जीनियरिङ्ग सिप प्रयोगले प्रिफ्याबको बजार ठूलो भएर सन २०१३ बर्षको आधारितमा २०-३० करोड जती सबै ईङ्ल्यान्डमा निर्माण कन्स्ट्रक्सन बजार को २% प्रिफ्याबले लिएको छ । युरोपमा चाँही कोरिया जस्तै सार्वजानिक भवनलाई प्रिफ्याब द्वारा निर्माण गरिएको धेरै छन । बिशेषगरी जवान पुस्ताको लागि घर, घरवार बिहिनको लागि अनि शरणार्थीको लागि प्रिफ्याब वा तयारी अवस्थाको घरहरू निर्माण हुँदै छन । आज भोलि शरणार्थीहरू बस्न लाई घर नभएको समस्या छ, त्यसकोलागी सुरक्षित घर निर्माण गर्दा प्रिफ्याब घर प्रयोग गरिएको छ । अस्थायी घर भएकोले पछी पुन निर्माण गर्न सजिलो अनि अर्को ठाउँमा सार्न सजिलो हुन्छ । निर्माण गर्ने समय कम हुनाले शरणार्थी शिविरको लागी घर बन्न प्रिफ्याब प्रबिधी उत्तम तरिका हो भन्ने बुझिन्छ ।

### दक्षिण कोरिया

कोरियामा चाँही प्रिफ्याब वा तयारी अवस्थाको घर दुबै प्रबिधिको प्रयोग भईरहेको छ । भव न को किसिम अनुसार प्रिफ्याब घर बनाउने तरिकाको स्पष्ट तरिकाले फरक हुन्छ । सिङो घर, गाँउ को घर, होस्टेल, फयाक्ट्री, प्रसाशनिक भवन को भिन्नता भएकोले प्रिफ्याब घर सामान्य लाग्छ । शेल्टर्, अस्थायि घर, बङाला जस्तो घर चाहीं तयारी अवस्थाको(कन्टेनर बक्स) चलिरहेको छ । प्रिफ्याब घरमा प्रयोग हुने सामान पनि काठ र क्वाईल को हुन्छ । ब्यापारिक, प्रिफ्याब, क्वार्टर अनि होस्टेल चाँही क्वाईल द्वारा बनाइएको स्यान्ड्विच प्यानल प्रयोग गरिएको हुन्छ ।

### जापान

जापान चाँही यूरोप जस्तो नभएर प्यानल द्वारा सिङ्गो घर बनाउन्छन । जापान मा भुइँचालो(भूकम्प) धेरै आउने भएकोले कारणले प्रिफ्याब भवन कमजोर होला भन्ने लागेपनी वास्तबमा फलाम मा इस्क्रु बोल्ट्, नट बोल्ट जोडेर बनाएकोले यो संरचनाले भूकम्प प्रतिरोधात्मक हुन्छ भने प्रमाणित भएको छ । बहिर बाट आउने वेभ(तरङ्) लाई टुक्रा टुक्राको सामानहरूले छुट्टा छुट्टै प्रेसर(दवाव) गरिएको कारणले अरू म्याटेरियलको भवनहरू भन्दा लचकदार भएको हुन्छ । वास्तबमा ठुलो भूकम्प गएको ठाउँमा प्रिफ्याब घरहरूमा नोक्सान कम हुन्छ । प्रिफ्याब घरमा फलामको हलुका संरचना हुन्छ । क्वाईल पनि फलामले बनिएको भएकोले पछीलाई अरू तरिकाले प्रयोग गर्न सकिने हुनाले साधारण मानिसहरूले पनि ब्यापक प्रयोग गर्दै आएका छन । जापानमा चाँही प्रिफ्याब घर बनाउने सिप बिश्वब्यापी रूपमा सबै भन्दा बडी बिकास भएको देश हो । प्रिफ्याब प्यानल्को सबै सामान मेशिनले बनाउन मिल्छ । जापानमा माग अनुसार बिशेष प्यानल बनाउन सक्ने जती को सिस्टम बनाउदै आएको छन् । जापानमा प्रिफ्याब उत्पादन गर्ने क्षमता पनि गाडी(कार) बनाउने फ याक्ट्री जतीकै उच्च तह को अटोमेटिक सिस्टम चली रहेको छ । जापानमा मात्रै सन २०१५ को आधारित आकडामा सिङो घर मध्यो २०% प्रिफ्याब घर बनाइएको छ ।

### संयुक्त राज्य अमेरिका (यु.एस.ए)

अमेरिकामा सन २०११को बर्षमा आधारित तथ्याक्मा लगभग ५ खरब मुल्य बराबरको प्रिफ्याब उत्पादनले बजार चलेको छ । फलामको संरचनामा आधारित बनिएको घर ४२% छन । अमेरिकामा एक ठाँउबाट अर्को ठाँउमा सार्न सकिने प्रिफ्याब घर ५८% छन । प्राय: आर्थीक अवस्था कमजोर भएको मानिसहरूले एक तल्ले घर बनाएको छन् । ठाँउ ठाँउमा प्रिफ्याब घर बनाउने डिलरहरू भएको कुराले यूरोप सित भिन्नता छ ।

# डिलर प्रोजेक्ट

## OCTOBER SALES

| SN | DEALER NAME | DEALER LOCATION | SQ FT |
|---|---|---|---|
| 1 | Rhydam Construction | Kathmandu | 17,520.7933 |
| 2 | KTM Builders | Bhaktapur | 10,744.7732 |
| 3 | Chhar Nepal | Kavre | 5,125.7057 |
| 4 | Orbit Construction | Kathmandu | 4,141.07895 |
| 5 | Saru Trading | Pokhara | 3,365.519 |
| 6 | SY Panel House | Pokhara | 3,300.1566 |
| 7 | Himal Housing | Chitwan | 3,187.4187 |
| 8 | Sijan Traders | Banke | 2,957.83965 |
| 9 | Smart Housing | Palpa | 2,451.15895 |
| 10 | B & B Housing | Chitwan | 1,922.7624 |
| 11 | Quest Construction | Ithari | 1,506.1367 |
| 12 | Buddhabhumi Suppliers | Kapilvastu | 1,408.2737 |
| 13 | NC Agro | Nawalparashi | 1,301.08055 |
| 14 | Dharan Steel | Dharan | 969.20855 |
| 15 | Kathmandu Innovation | Kathmandu | 662.68095 |
| 16 | RA House | Kanchanpur | 637.0489 |
| 17 | S Pathak | Chitwan | 300.3531 |
| 18 | Pokhara UPVC | Pokhara | 254.5795 |
| 19 | View Design | Chitwan | 214.4909 |
| 20 | MB korean | Baglung | 45.765 |
| 21 | Gautam Builder | Nawalpur | 44.07 |

## NOVEMBER SALES PENDING ORDER

| SN | PROJECT NAME | LOCATION | SQ FT |
|---|---|---|---|
| 1 | Hydro Power Project | Solukhumbu | 50000 |
| 2 | Gandaki University | Pokhara | 49500 |
| 3 | Pokhara British Camp | Pokhara | 21400 |

# नेपालको संस्कृति




तिहार नेपाली हरूको दशैं पछिको सबैभन्दा ठूलो पर्व हो । तिहार ५ दिनकालागि मनाईन्छ । पाँच दिनसम्म मनाइने भएकाले यसलाई यमपञ्चक पनि भनिन्छ । यमपञ्चकमा क्रमशः काग, कुकुर, गाई, लक्ष्मी पूजा र (गोरू पूजा) गोवर्धन पुजा गरिन्छ । पिङ खेल्ने, दीपावली गर्ने र देउसीभैलो खेल्दै सेलरोटी आदि मिठा मिठा परिकार खाई रमाइलो गरी तिहार मनाउने गरिन्छ ।





### काग तिहार

पहिलो दिन कागको पूजा गरिन्छ र यसको पूजा गर्नुका विभिन्न कारण छन् । कागले सबैलाई समान दृष्टिले हेर्छ विश्वास लिईएको छ । कागलाई यमराजको सन्देश सुनाउने यमदूतका रूपमा पनि लिइन्छ ।

### कुकुर तिहार

दोस्रो दिन कुकुरतिहार मनाइन्छ, कुकुरलाई पनि यमदूतका रूपमा लिइन्छ । कुकुरले घरको रेखदेख तथा चोर-डाँकाबाट बचाउने कार्य गरी मानिसलाई सहयोग गर्दै आएको छ । कुकुरलाई भैरवको बाहन पनि भनिन्छ । त्यसैले हामी कुकुरलाई तिहारमा कुकुरलाई खाना ख्वाई पूजा गरी माला लगाइदिन्छौं ।

### गाई तिहार

तेस्रो दिन गाई तिहार मनाईन्छ र गाईलाई लक्ष्मी, गौमाताका रूपमा पनि पुजिन्छ । कुनै पनि धार्मिक वा सामाजिक संस्कार गर्नु अघि गाईको गोबरले घर-आँगन लिपपोत गर्ने, गाईको गहुँत सबैतिर छर्केर आफ्नो घर, कोठा पवित्र तुल्याउने संस्कार छ । गाईलाई लक्ष्मीको प्रतिकात्मक मानेर त्यसै दिन लक्ष्मीपूजा पनि गरिन्छ । यो पर्व लक्ष्मी देवीको पूजा गरी घरभरि दियो बाली मनाइन्छ । लक्ष्मी पुजाको दिन देखी बिधिवत रूपमा देउसी भैलोको सुरूवात हुन्छ । केटाकेटी र महिलाहरू घरघरमा गई भैलो खेल्ने चलन छ ।

### गोरू तिहार

तिहारको तेस्रो दिन गोरूको पूजा गरी मनाइन्छ । यसै दिन नेपालीहरूले सालभरि अन्न उब्जाउन हलो तानी मानिसहरूको पालनहारी गोरूको पूजा गरिन्छ ।


### भाई टीका

तिहारको अन्तिम दिन भाई तिहार(भाइ टीका) विशेष उत्साहका साथ मनाइन्छ । यो दिनमा दिदीले भाइलाइ र बहिनीले दाजुलाई अनि त्यसैगरी भाइले दिदीलाई र दाजुले बहिनीलाई विशेष मान-सम्मानका साथ विधिपूर्वक पूजाआजा गर्ने, मेवा-मिष्ठान्न आदि मनपर्ने कुरा ख्वाउने, दिदीबहिनीलाई दान-दक्षिणा एवं वस्त्र आदि दिने परम्परा छ । भाइटीकाको दिनमा दाजुभाइलाई लगाइदिने मखमली, सयपत्री तथा दूबोको मालाको छुट्टै महत्व छ । मखमली कहिल्यै ओइलाउँदैन, सयपत्रीको रङ्ग कहिल्यै उडेर जाँदैन भने दूबो सधै हरियै रहन्छ । दिदीबहिनीले दाजुभाइको यश, आरोग्य, दीर्घायूको कामना गर्दै निधारमा सप्तरङ्गी टीका लगाइदिन्छन् ।



# एसवाई ग्रुप गतिबिधि



एस वाई प्यानल कोरियाले स्यामसुङ ईन्जिनीयरिङ्गसँग फ्याक्ट्रीको लागी आगो नलाग्ने क्लिन रुम प्यानल बनाएको छ । अक्टोबर १० तारिख देखी स्यामसुङ ईन्जिनीयरिङ्गसँग उत्पादन गर्नको लागि सहमती समारोह गरेको भनेर १३ तारिख घोषणा गरेको छ । एफ आर सि प्यानल(फाएर रेसिस्ट्यान्स क्लिन) चाँही एस वाई समुहले स्यामसुङ ईन्जिनीयरिङ्गसँग साझेदारी गरेर प्याटेन्ट दर्ता गरेको कोरियामा पहिलो पटक बनाएको क्लिन रुमको लागी आगो नलाग्ने स्यान्ड विच प्यानल हो । प्यानल भित्रको इन्सुलेसन चिज आगोमा सजिलै नजल्ने मिनिरल वूल लगाइएको हुन्छ । बाहिर दुबै तिर ०.८ एम एम को ग्लुरोइड्-कोटेड झाल्मनाईज्ड स्टील सित टाँसिएको हुन्छ । इन्सुलेसन र स्टील सिट चाँही आगो नलाग्ने ग्लु द्वारा टाँसिएको हुन्छ । एफ आर सि (फाएर रेसिस्ट्यान्स क्लिन) प्यानल उत्पादन सुरू गरे पछी क्लिन रुमको आगो बाट सुरक्षित हुने सम्भावना अझ बढेको छ । ईन्सुलेसनमा भएको मिनिरल वूल चाँही ६५० सेल्सियस डिग्रीमा आगो लाग्छ यो चाँही पहिलाको प्रयोग गरेको ग्लास-वूल भन्दा दुइ गुणा माथी सेल्सियस डिग्रीमा मात्र आगो लाग्छ । सेमी कन्डक्टर जस्तो सेन्सिटिभ सामान बनाउने मेशिनमा नोक्सानी हुने धुँवा आउदैन । पहिलाको समयमा क्लिन रुम को लागि प्यानल बनाउदा धुँवा नआओस भनेर इन्सुलेसनमा युरेथान प्रयोग गरिएको थियो । युरेथानमा चाँही आगो लाग्न सक्ने सम्भावना बढी हुन्छ । क्लिन रुम चहिने बिकसित फ्याक्ट्रीको फाएर इन्सुलेन्सको रकम जोगाउन सकिछ । एस वाई प्यानल कोरिया, स्यामसुङ एन्जिनीयरिङ्ग दुबै काम्पनी चाँही छुट्ट छुट्टै १ घन्टा, १.५ घन्टा, २ घन्टा आगो नलाग्ने फायार रेसिस्ट्यान्सको प्रमाणित पत्र लिन लागेको छ । केहि समय पछी प्रोडुक्ट बढाउँदा क्लिन रुमको लागि पार्टेसन प्यानल, वाल प्यानल लाई प्रयोग गर्न तयार हुन्छ । एस वाई प्यानल कोरिया चाँही एफ आर सि प्यानलको उत्पादन गरिसके पछी क्लिन रुमको आगो नलाग्ने सम्भावना बढाउने, फाएर इन्सुलेन्स घटाउने, क्लिन रुम बनाउने समय जोगाउने राम्रो प्रभाव पर्छ भन्ने प्रतिक्षा गरिरहेको छ । एस वाई प्यानल कोरियाको सम्बन्धित जानकारले भने अनुसार एफ आर सी प्यानल को सुरूवात चाँही बिकसित फ्याक्ट्री बनाउनको लागी नक्सा बनाउदा आगो नलागोस भनेर वाल प्यानल कसरी राख्ने भनेर सोच्दा केहि नयाँ जुक्ती आएको छ । सुरक्षा र ब्यवहारिकता प्राथमिकता दिएर बनाउनु पर्ने फ्याक्ट्रीमा यो प्यानल नभई नहुने सामान हुनेछ ।


## पत्रचार गर्ने ठेगाना

synepal34@gmail.com  synepal.com


## हामी सँग सामाजिक सञ्जालमा जोडिन

facebook.com/sypanelnepal  instagram.com/sypanel.np

youtube.com/c/sypanelnepal